


वर्ष : २३ अंक : ३ २०७२ चैत्र – २०७३ आषाढ March - June 2016 पूर्णाङ्क – ९४

## सम्पादकीय

पशुपालन व्यवसायको लामो ईतिहास रहेको छ । यो एउटा प्राविधिक विधा भएको हुनाले यसको सञ्चालन वैज्ञानिक हुनै पर्दछ। पशुपालनका मुख्यगरी नश्ल (Breed), पशु आहारा (Feed), पशु स्वास्थ्य (Health) र बजार (Market) गरी चार वटा आधार भूत पक्षहरु रहेका छन् । यी मध्ये नश्ल महत्वपूर्ण पक्ष हो । यसको अनुपस्थितिमा अन्य पक्षहरु अर्थहिन हुन्छन्। यसर्थ यस अंकमा **नेपालमा पाईने गाई भैंसीका जातहरु र उन्नत जातका गाई भैंसीका श्रोत केन्द्रको बारे** जानकारी गराउने प्रयास भएको छ । भनिन्छ **"बीउ राम्रो त खेती राम्रो"। "छोराछोरी कूलका, पानी मूलको"** भन्ने नेपाली उखान आज पनि त्यतिकै सान्दर्भिक रहेको छ । त्यसैगरी नेपाल सरकारले आ.व. ०७०/०७१ को बजेट वक्तव्य देखि सहकारी तथा निजीस्तरमा अनुदान र प्राविधिक सहयोगमा उन्नत गाईभैंसीका श्रोत केन्द्रहरु स्थापना कार्य जारी राखेको सन्दर्भमा नयाँ व्यवसायीका लागी यी श्रोतकेन्द्रहरु उपयोगी हुने अपेक्षा गरिएको छ ।

## उन्नत गाई भैंसी श्रोत केन्द्रहरुको विवरण

| जिल्ला | संचालकको नाम | सम्पर्क नं. | पशु संख्या | उत्पादन क्षमता (दूध लि.)/वेत | कैफियत |
|---|---|---|---|---|---|
| मोरङ्ग | यादव प्र.ढकाल | ९८४२०२६७५८ | ११७ | २१००–३६०० | जर्सि क्रस, होल्सटिन क्रस |
| सप्तरी | कृति प्र. तिवारी | ९८४२९२६१७५ | ८७० | ४२००–६६०० | ,, |
| चितवन | भगिरथ तिमिल्सीना | ९८४५०५४६९७ | ११० | ६६००–६९०० | ,, |
| नवलपरासी | गोपाल श्रेष्ठ | ९८४५०५१६३५ | १०२५ | ३६००–६६०० | ,, |
| रुपन्देही | शसि पौडेल | ९८५७०२५९८८ | ४०० | ३९००–४२०० | ,, |
| दाङ्ग | मिनराज अधिकारी | ९८५७८४०२७३ | १४६ | ३९००–५१०० | ,, |
| कञ्चनपुर | रघुवर प्र. लेखक | ९८४८८३६६९५ | १४४ | ३०००–६००० | ,, |
| धनुषा | श्याम कु.महतो | ९८४४०४७२८७ | १५५ | १२००–१५०० | मुर्रा क्रस |
| सर्लाही | सुरेश कार्की | ९८५४०३५४१८ | १५० | १५०० | ,, |
| कपिलवस्तु | राजु बेल्बासे | ९८४९१३४२९० | २२० | १५००–१८०० | ,, |

# नेपालमा पाईने गाई भैंसीका जातहरु



✍ **बासुदेव नाथ**
*पशु विकास अधिकृत*
*केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालय,*
*हरिहर भवन, ललितपुर*

## १. गाईका जात

### (क)स्थानीय जातहरु

**१. अछामी गाई :-** यस गाईको उत्पत्ति अछाम जिल्लामा भएको भएता पनि वझाङ्ग, बाजुरा र डोटीमा समेत पाईन्छ। यसलाई संसारको सबैभन्दा सानो गाई मानिएको छ। यस गाईलाई नौमुठे गाई पनि भनिन्छ। यसको रंग कालोदेखि सेतो, खैरो, खरानी, टाटेपाटे आदि हुन्छ। यसको उचाई १ मिटरभन्दा कम, शारिरीक तौल १२० देखि १५० के.जी. सम्म भएको, दानापानी कम खाने र रोग कम लाग्ने हुन्छ। कमसल खालको आहारा खाएर पनि राम्रो उत्पादन दिने, यसको साँढे तथा गोरु सुर्का जोत्न उपयुक्त हुन्छ । यो करिव ४ बर्षको उमेरमा बयस्क भई ५ बर्षको उमेरमा पहिलो वेत व्याउछ। २२५ दिनको दुहुनो अवधिमा दैनिक औसत दूध उत्पादन १-४ लिटरसम्म दिएको पाईन्छ । दुई वेतको अन्तर औसत १२ देखि २४ महिनाको हुन्छ। यसको संख्या घट्दै गएकोले संरक्षण गर्न आवश्यक छ ।



बाँकी पृष्ठ २ मा .......

२. **लुलु गाईः–** यस गाईको उत्पत्ति स्थान मुस्ताङ्ग भएता पनि डोल्पा र मनाङ्गमा समेत पाइन्छ । **जुरो नभएको**, उच्च हिमाली भेगका सुख्खा चिसोमा पनि हुर्कन सक्ने, होचो कद, लामो पुच्छर, छोटा खुट्टा, बाक्ला रौं हुन्छ। यसको रंग कालोदेखि सेतोसम्म बिभिन्न हुन्छ। बयस्क भालेको शारिरीक तौल १५० देखि २२५ के.जी. सम्म हुन्छ भने माउँको १२० देखि १६० के.जी. हुन्छ। यो करिव ३.५ बर्षको उमेरमा बयस्क भई ४.५बर्षको उमेरमा पहिलो वेत व्याउछ । यसले १६५ दिनको दुहुनो अवधिमा दैनिक औसत दूध उत्पादन १.६ लिटर दिन्छ। दुई वेतको अन्तर औसत १२ देखि २४ महिना हुन्छ । यसको संख्या घट्दै गएकोले संरक्षण गर्न आवश्यक छ।



३. **खैला गाईः–** यसको उत्पत्ति सुदूर पश्चिमान्चल क्षेत्रको पहाडी जिल्ला खासगरी बैतडी, डडेल्धुरा, डोटी भएको पाईन्छ। यो **कम उत्पादन क्षमता भएको**, सामान्य व्यवस्थापनमा पनि उत्पादन गर्न सक्ने, रिसालु स्वभाव, सिङ सिधा र माथितिर फर्केको, शरिर बलियो भएकोले मालसमान बोक्न र खेत जोत्नको लागि उपयुक्त जात हो । अन्य स्थानीय जातका गाईहरु भन्दा ठूलो शरिर हुन्छ । । यो ३.५ बर्षको उमेरमा बयस्क भई ४.५ बर्षको उमेरमा पहिलो वेत व्याउछ । यसको गर्भधारण अवधि २८८ दिनको हुन्छ । यसले ३०५ दिनको दुहुनो अवधिमा दैनिक औसत दूध उत्पादन २.५ के.जी. दिन्छ । दुई वेतको अन्तर औसत १८ महिनाको हुन्छ ।



**४.पहाडी गाईः–** यो गाई मध्य पहाडको लागि उपयुक्त, प्राय कालो रंग, दूध उत्पादन क्षमता कम भएको, विषम हावापानीमा समेत हुर्कन सक्ने सानो कदको गाई हो। यो ४ बर्षको उमेरमा बयस्क भई ५ बर्षको उमेरमा पहिलो वेत व्याउछ। गर्भधारण अवधि २७५ दिनको हुन्छ । यसको औषत शारीरिक तौल १६५ के.जी.सम्म हुन्छ । यसको दुई वेतको अन्तर औसत औषत १६-१७ महिना र २४० दिनको दुहुनो अवधिमा औषत दैनिक दूध उत्पादन १.१ के.जी. हुन्छ। पहाडी क्षेत्रको सबै तिर पाईन्छ।



**५.तराई गाईः–** तराईको समथर भू भागको लागि उपयुक्त, प्राय सेतो रंग, दूध उत्पादन क्षमता कम भएको, मध्यम कदको, कान सिधा,बलियो र गर्मी हावापानीको लागि उपयुक्त गाई हो । यो ३.५ बर्षको उमेरमा बयस्क भई ४.५ बर्षको उमेरमा पहिलो वेत व्याउछ। यसको औषत शारीरिक तौल २१० के.जी.सम्म हुन्छ । गर्भधारण अवधि २९६ दिनको हुन्छ। यसको दुई वेतको अन्तर औसत औषत १६-१७ महिना र २४६ दिनको दुहुनो अवधिमा औषत दैनिक दूध उत्पादन २.१ के.जी. हुन्छ।



**६.सिरी गाईः–** पूर्वी पहाडको खासगरी ईलाम जिल्लाको उत्पादनशील गाई तर **हाल लोप भईसकेका** छ । पहाडको लागि उपयुक्त, कालोदेखि सेतो रंग, दूध उत्पादन क्षमता राम्रो भएको, चौडा र च्याप्टो निधार, कान सानो र अगाडि निस्केको, थोरै माथी फर्केको तिखो सिङ हुन्छ । यो ३.५ बर्षको उमेरमा बयस्क भई ४.५ बर्षको उमेरमा पहिलो वेत व्याउछ। यसको औषत शारीरिक तौल २६८ के.जी.सम्म हुन्छ। गर्भधारण अवधि २९५ दिनको हुन्छ। यसको दुई वेतको अन्तर औसतऔषत १७ महिना र २६८ दिनको दुहुनो अवधिमा औषत दैनिक दूध उत्पादन ४.५ के.जी. हुन्छ।



**७. याकः– यो** समुद्र सतहबाट ३००० देखि ४५०० मिटर उचाई सम्म सजिलै हुर्कन सक्दछ। यसको भालेलाई याक र पोथीलाई नाक भनेर चिनिन्छ। यसको दूध उत्पादन क्षमता कम भएपनि दूध चिल्लो पदार्थ ६.६% सम्म हुन्छ । यसको काँध सिधा, रौ लामा, सिङ्ग तिखो, लामो र बलियो, अत्यधिक चिसो सहन सक्ने क्षमता भएको, यो करिव ३ बर्षको उमेरमा बयस्क भई ४ बर्षको उमेरमा पहिलो वेत व्याउछ । गर्भधारण अवधि २५२ देखि २५५ दिनको हुन्छ । नाकलाई व्याएको दुई महिनासम्म दुहिदैन नवजात बाछाको लागि छोडिन्छ र त्यसपछि मात्र दुहिन्छ। १६७ दिनको दुहुनो अवधिमा यसको औसत दैनिक दूध उत्पादन १.३ के.जी. हुन्छ। वयस्क याकको शारीरिक तौल अधिकतम् औषत ३५५ के.जी. र नाकको ३२५के.जी. हुन्छ।



**चौरी गाईः–** यो नेपालको उच्च पहाडी क्षेत्रमा ९ हजार देखि १५ हजार फिट सम्म पालन गरिन्छ। शुद्ध जातको भालेलाई याक र पोथीलाई नाक भनिन्छ भने वर्णशंकरलाई चौरी भनिन्छ। चौरीको भालेलाई झोपा/ झोप्के भनिन्छ, यो नपुंसक हुन्छ भारी बोक्ने र खेत जोत्न प्रयोग गरिन्छ। यसको पोथीलाई झुमा भनिन्छ यो उत्पादनशील हुन्छ। यसले दैनिक औसत ४ लिटरसम्म दूध दिन्छ।



नाक र स्थानीय जातको वहरको क्रसवाट जन्मेको डिम्जो चौरी र याक र स्थानीय गाईको क्रसवाट जन्मेको लाई उराङ्ग चौरी भनिन्छ । डिम्जो चौरी उचाईमा गएर चर्न सक्ने, ठण्डी सहन सक्ने र दूध उत्पादन राम्रो दिन्छ । उराङ्ग चौरी उचाईमा गएर चर्न नसक्ने, ठण्डी सहन नसक्ने र दूध उत्पादन कम हुन्छ । चौरीको दूध, चिज, बटर, घिऊ, दही, छेना, छुर्पी, चमर, छाला प्रयोगमा ल्याईन्छ । चौरी चिज (Yak cheese) पर्यटकहरु निकै रुचाउछन् र बिदेशी मुद्रा आर्जनको राम्रो स्रोत हो ।

## (ख) आयातित जातहरू :

**१. जर्सि गाई:-**



यसको उत्पत्ति बेलायतको जर्सि टापुमा भएको हो । यो करिव त्रिभुजाकार, रंग प्रायः रातो, खैरो वा कालो, डडालु सिधा, फांचो र थुन ठूला, टाउको विचमा खोप्रो परे जस्तो, अनुहार छोटो र यसको भाले रिसालु हुन्छ । साँढेको शारिरीक तौल ६७५ कें.जि. र माउको तौल ४५० के.जि. हुन्छ । प्रतिवेत औसत दूध उत्पादन ५००० देखि ६००० के.जी. सम्म हुन्छ । यसको दूधमा चिल्लो पदार्थ ५% र एस.एन.एफ. ९.४२ % सम्म हुन्छ ।

**२.हॉलिस्टेन फ्रिजनः-**



यसको उत्पत्ति नेदरल्याण्डको फ्रिजल्याण्डमा भएको हो । यो गाई संसारकै सवभन्दा बढी दूध दिने, सेतो, कालो, टाटेपाटे, ढाड अलि कुप्रेको, लामो र सांधुरो मुख, गाई शान्त स्वभावको र साँढे हिंस्रक स्वभावको हुन्छ । साढेको शारिरीक तौल १००० के.जी र माउ ६७५ के.जी. सम्म हुन्छ । दूध उत्पादन प्रति वेत ६५०० देखि ९००० लिटरसम्म भएतापनि ११००० लिटर भन्दा वढी दिइएको पाईन्छ । । यसको दूधमा चिल्लो पदार्थ ३.४५ % र एस.एन.एफ. ८.५६% सम्म हुन्छ ।

**३.ब्राउन स्वीस गाई:-**



यसको उत्पत्ति स्वीजरल्याण्डमा भएको हो । यो गाई खैरो वा कालो रंगको, सुस्त र सोझो हुन्छ । प्रतिकूल मौसम खप्न सक्ने, डांडाकांडामा पनि पाल्न सकिने, गर्मिमा पनि पाल्न सकिने, शारिरीक तौल साँढेको ९०० के.जी. र माउको ६२५ के.जी.सम्म हुन्छ । औसत दूध उत्पादन प्रतिवेत ५५०० लिटरसम्म पाईन्छ । यसको दूधमा चिल्लो पदार्थ ४% र एस.एन.एफ. ९.०६% सम्म हुन्छ ।

**४.साहिवाल गाईः-**



यसको उत्पत्ति पाकिस्तानको मन्टगोमेरीमा भएको हो । चाकलो निधार, छोटा खुट्टा, छोट्टा सिङ पछाडी फर्केका, निकै ठुलो र लगभग एकतर्फ ढल्केको जुरो तथा माल भएको हुन्छ । यसको रंग रातो र हल्का खैरो हुन्छ । यो एशियाको राम्रो दुधालु गाई हो । साँढेको तौल ५०० के.जी र माउको तौल ३४० के.जी. हुन्छ । प्रतिबेत दूध उत्पादन १३५० लिटर हुन्छ । यसको दूधमा चिल्लो पदार्थ ५% र एस.एन.एफ. ९.२% सम्म हुन्छ ।

**५. रेड सिन्धीः-**



यसको उत्पत्ति पाकिस्तानको सिन्धु प्रान्तमा भएको हो । यसको रंग रातो कालो, वोधो सिङ्ग भएको धैरै ठुलो जुरो तथा माल भएको, दडिलो शरिरीर निकै शान्त प्रकृतिको, फांचो ठूलो र तल झरेको हुन्छ । साँढेको शारिरीक तौल ४५० के.जी. र माउको ३०० के.जी.सम्मको हुन्छ । पहिलो पटक व्याउने उमेर औसत ४२ महिना हुन्छ । यसको एक बेतबाट अर्को बेतको अन्तर ४२५ दिनको हुन्छ । औसत दुध उत्पादन प्रतिबेत १५०० देखि २२०० के.जी. हुन्छ । यसको दूधमा चिल्लो पदार्थ ४.५% र एस.एन.एफ. ९.१६% सम्म हुन्छ ।

**६.हरियाणा गाईः-**



यसको उत्पत्ति भारतको हरियाणामा भएको हो । यसको रंग सेतो, लामा लामा खुट्टा, सलक्क परेको जीउ, अत्यन्त बलियो शारिरीक बनावट, कसिलो र अग्लो शरीर हुन्छ । यसको गाई दूध उत्पादन तथा गोरु जोत्न र गाडा तान्न निकै उपयुक्त हुन्छ । वयस्क गाईको तौल ५५० के.जी. हुन्छ । पहिलो पटक व्याउने उमेर २-५ बर्ष हुन्छ । प्रतिवेत औषत दूध उत्पादन १००० के.जी. हुन्छ । यसको दूधमा चिल्लो पदार्थ ४.५% र एस.एन.एफ. ९.१% सम्म हुन्छ । यस गाईलाई द्वि उद्देश्यि गाई भनिन्छ ।

## २. भैंसीका जात:

### (क) स्थानीय जातहरू:-

**(१) लिमे भैंसी:-** यसको उत्पत्ति पश्चिमान्चल क्षेत्रको कास्की, स्याङ्गजा, पर्वत, वाग्लुङ्ग तनहुं र लम्जुङ्गमा भएको हो । यो स्थानीय भैसी मध्ये सवै भन्दा सानो जातको भैंसी हो ।



यसको **सिङ्ग धांटीतिर घुमेको हंसिया आकारको हुन्छ घाटीमा सेता रौ भई माला जस्तो देखिनु तथा घुडा देखि तलको खुट्टाको भाग सेतो हुन्छ** । छालाको रंग सेतो मिसिएको खैरो,आखि भौं पनि सेता,यो भैसीको शारिरीक तौल औषत ३१० देखि ३१५ के.जी. हुन्छ । सामान्यतया ४ बर्षको उमेरमा बाली जाने र ५ बर्षको उमेरमा व्याउछ । दुई वेतको अन्तर १९ महिना रहेको छ । दूध दिने अवधि ३०० दिनमा दैनिक औषत ३ लिटर पाइन्छ । दूधमा चिल्लो पदार्थको मात्रा ६.५ देखि ७.५ प्रतिशतसम्म पाईन्छ । यसको संख्या घट्दो क्रममा भएकोले संरक्षणको लागि ध्यान पुऱ्याउन आवश्यक छ ।

**(२) पार्कोटे भैंसी:-** यो जातको भैंसी मध्य पहाड देखि उच्च पहाडमा पाइन्छ । यसको रंग कालो हुन्छ । तर कहिंकही खैरो र हल्का खैरो रंगमा पाइन्छ ।



नाक कालो, अनुहार लाम्चो, टाउको चेप्टो, **सिंङ्ग तरवार आकारको र शारिरको पछाडी भागतिर फर्केको** हुन्छ । सामान्यतया ४ बर्षको उमेरमा बाली जाने र ५ बर्षको उमेरमा व्याउछ । व्यान अन्तर २० महिना रहेको छ । औषत शारिरीक तौल ४५२ के.जी. र दूध दिने अवधि ३०५ दिनमा दैनिक औषत २.७७ लिटर पाइन्छ । दूधमा चिल्लो पदार्थको मात्रा ६.५ देखि ९.६ प्रतिशत र एस.एन.एफ. ११ देखि १३.४ प्रतिशतसम्म पाईन्छ । यसको संख्या घट्दो अवस्थामा रहेकोले संरक्षणमा ध्यान दिन आवश्यक छ ।

**(३) गड्डी भैंसी:-**यो सुदूर पश्चिमान्चलको पहाडी भेगमा पाईन्छ । यसको शरीर गाडी जस्तै ठूलो भएकोले गड्डी राखिएको, रंग कालो र निधारमा सेतो थोप्ला तारो भएको हुन्छ । शरिरको रंग अधिकांश सेतो खैरो र कुनैमा कालो पनि हुन्छ । लामो अनुहार, फराकिलो निधार र टाउको, सिङ्ग लामो अर्ध घुमाउरो,खुट्टा छोटो, मोटो र बलियो, पीठ धेरै चौडा र पुच्छर लामो हुन्छ । पूर्ण विकसित फांचो, दूधका नसा स्पष्ट देखिने हुन्छ । अगाडिको भन्दा पछाडिको भाग ठूलो हुन्छ । स्थानीय भैंसीहरु मध्ये सबै भन्दा ठूलो भैंसी हो । यो बधुवा भन्दा चरिचरनमा रमाउछ । सामान्यतया ३ बर्षको उमेरमा बाली जाने र दुई वेतको अन्तर २३ महिना रहेको छ । औषत शारिरीक तौल ४५२ के.जी. र दूध दिने अवधि ४२० दिनमा दैनिक औषत ३.५ लिटर पाइन्छ । यसको संख्या घट्दो अवस्थामा रहेकोले संरक्षणमा ध्यान दिन आवश्यक छ ।



### (ख) आयातित जात :-

**१. मुर्रा भैंसी:-** यसको उत्पत्ति भारतको पंजाब र हरियाणाको रोहतकमा भएको हो । यो निक्खर कालो शरिर, लामो घांटी, शरिरको छाला नरम, शरिरमा रौं कम, कल्चौडो तथा थुनहरु पूर्ण विकसित, लामो पुच्छर र पुच्छरको विचमा सेतो फुर्को हुन्छ । छोटा नजिकैवाट घुमेको कसिएको सिङ्ग हुन्छ । यसको शारिरीक तौल ४५० देखि ५०० के.जी र प्रतिवेत औषत दूध उत्पादन १५०० देखि २५०० लिटर हुन्छ । राम्रो व्यवस्थापनमा ३१० दिनको अवधिमा २२०० लिटर दूध उत्पादन भएको पाईन्छ । दूधमा औसत चिल्लो पदार्थ ७ प्रतिशत र एस.एन.एफ.१० देखि १२प्रतिशतसम्म, प्रोटिन ४.५ प्रतिशत र ल्याक्टोज ४.८ प्रतिशत पाईन्छ । यो जातको भैंसी दूध उत्पादनको लागि विश्व प्रसिद्ध छ । यो नवौं वेतसम्म पनि राम्रो उत्पादन दिन सक्छ ।



### सन्दर्भ ग्रन्थ:


१) नेपालका रैथाने घरपालुवा जनावरहरु : एक परिचय,नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, पशु प्रजनन महाशाखा, खुमलटार ललितपुर,२०१२

२) नेपालमा भैंसीपालन व्यवसाय, नेपाल कृषि अनुसन्धान परिषद,FFIL CR M ALSCC INPB Nepal Research Project खुमलटार ललितपुर,२०७१,मंसीर

३) पौडेल,डा.लोकनाथ -लुलु तथा अछामी गाईको वर्तमान अवस्था प्राविधिक मापन तथा पहिचान,केन्दीय गाईभैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुर

४) पौडेल,डा.लोकनाथ -लिमे र पारकोटे भैंसीको वर्तमान अवस्था प्राविधिक मापन तथा पहिचान,केन्दीय गाईभैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुर

५) पौडेल, रुद्रप्रसाद - व्यवसायिक गाईभैंसी पालन प्रविधि, सामुदायिक पशु विकास आयोजना हरिहरभवन, ललितपुर ०७०/०७१

६) ढकाल,टंक प्रसाद /घिमिरे, डा. शिव चन्द्र- पशु सेवा पुस्तिका, श्रीमती कमला ढकाल, २०४८ भरतपुर, चितवन

७) शर्मा, डा.भुवनेश्वर - चौरी पालन , पशु सेवा तालिम तथा प्रसार निर्देशनालय हरिहरभवन, ललितपुर ,२०६४ चैत्र

८) के.सी.,क्षेत्र बहादुर- चौरी पालन , लाइभष्टक,बर्ष ९,अंक १२, कार्तिक २०५३, नेपाल एनिमल साइन्स एशोसियसन (नासा) काठमाण्डौ

९) कृषि डायरी २०७१, कृषि सूचना तथा सञ्चार केन्द्र, हरिहरभवन, ललितपुर



**संरक्षक:**

कार्यालय प्रमुख, डा.रेशम राज ज्ञवाली

**सम्पादक मण्डल:**

संयोजक : डा.जगदिश पाण्डेय, प.वि.अ

सदस्यहरु : श्री बासुदेव नाथ, प.वि.अ

श्री सुमन कुँवर, प.से.प्रा.

श्री पुष्पराज सिग्देल, ना.प.से.प्रा.

केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन


श्री ........................................................

........................................................


**प्रकाशक :**

नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुर

फोन नं. : ५५३०८४६, फ्याक्स : ५५३८९०२, **Website: www.ccbpo.gov.np, email:** ccbpo@gmail.com